# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**केराबारी, मोरङ**

**१ नं. प्रदेश, नेपाल**

**प.सं.०७६/०७७ (शिक्षा शाखा)**

**च.नं.** २५५४

मिति : २०७७/०३/०२

**विषय : वैकल्पिक शैक्षिक गतिविधि सञ्चालन सम्बन्धमा ।**

**श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,**
**केराबारी गाउँपालिका, मोरङ ।**

कोभिड-१९ को संक्रमणको कारण अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सुचारु गर्न नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०२/१८ को निर्णयानुसार वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ जारी भएको सन्दर्भमा विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठन पाठन नभएसम्म बालबालिकाको परिवेश अनुकुल सिक्ने वातावरण सिर्जना गर्न एक आपसमा आवश्यक भौतिक दुरी कायम राखी सम्भाव्य अन्य स्वास्थ्य सुरक्षाका उपायहरु समेत अपनाई देहाय बमोजिमका कार्य गर्नु गराउनुहुन अनुरोध छ ।

१. विद्यालयका प्रशासनिक गतिविधिहरु सुचारु गर्ने,
२. विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,
३. यस कार्यालयको मिति २०७७/०२/२० को पत्रानुसार विवरण तयार गरी यथाशीघ्र उपलब्ध गराउने,
४. सबै किसिमको सूचना प्रविधिको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको लागि विद्यालय/समुदायमा एक आपसमा भौतिक दुरी कायम गरी बसाइ व्यवस्था मिलाई सिक्ने, सिकाउने व्यवस्था मिलाउने,
५. अभिभावकहरुलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रेरित गर्ने,
६. रेडियो, टेलिभिजनबाट प्रसारण भइरहेका र हुने शैक्षिक कार्यक्रमहरुबारे अभिभावक र विद्यार्थीहरुलाई जानकारी गराउने,
७. स्थानीय शिक्षकहरु द्वारा पाठ्यक्रम अनुरुप तयार गरिएका विद्युतीय सिकाइ सामग्रीहरु प्रयोग गरी बालबालिका हरुको सिकाइमा सहजीकरण गर्ने,
८. शैक्षिक सत्र २०७६ को विषयगत, कक्षागत, तहगत र समग्र विद्यालयको सिकाइ उपलब्धि तयार गरी गाउँपालिका समक्ष पेश गर्ने, सम्पूर्ण विद्यालय गतिविधि साथै शैक्षिक क्रियाकलापको समिक्षा गर्ने र आगामी दिनको लागि वैकल्पिक शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने,
९. स्थानीय रुपमा बसोबास गरिरहेका शिक्षक तथा स्वयम्सेवकहरुलाई सिकाइ सहजीकरणको लागि परिचालन गर्ने, गराउने,
१०. अनलाइन तथा विद्युतीय सञ्चार माध्यमबाट सिकाइ सम्भव हुने अवस्थाका बालबालिकाहरुलाई सो अनुरुप सहजीकरण गर्ने गराउने,
११. विद्यालयको भौतिक, शैक्षिक, आर्थिक लगायत उपलब्ध सम्पूर्ण तथ्यांकहरु एकिन गरी IEMIS file update गरी फायल सुरक्षित राख्ने र असार १५ गते देखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal : iemis.doe.gov.np मा अपलोड गर्ने ।
१२. क्वारेन्टाइन सञ्चालनमा रहेका विद्यालयहरुमा उल्लिखित गतिविधि सञ्चालन गर्न नसकिने अवस्था भएमा वैकल्पिक स्थानको खोजी गरी कार्य सञ्चालन गर्ने,

***(विद्यालयले सम्पादन गरेका क्रियाकलापहरुको अभिलेखीकरण गरी सो को मासिक प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने)***

अनलाइन विद्युतीय सामग्रीहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रको लर्निङ पोर्टल (learning.cehrd.edu.np) र प्रसारण भएका पाठहरु युट्युब च्यानल (www.youtube.com/ncedvirtual) तथा पाठ्यक्रम विकास केन्द्रको इ-पुस्तकालय (www.moecdc.gov.np) मा उपलब्ध हुनेछ र यसको लिंक शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.doe.gov.np) मा समेत रहनेछ । हाल विभिन्न माध्यमबाट प्रसारण भइरहेको सिकाइ सहयोगी तालिका यसै पत्रासाथ संलग्न छ । यसको साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायत अन्य शिक्षा सम्बद्ध निकायहरुका Website हरु निरन्तर हेर्ने, हेर्न लगाउने र सो को प्रचार प्रसार गरी सहयोग गर्ने ।

अर्जुन घिमिरे
अधिकृतस्तर सातौं
**शिक्षा अधिकृत**
**अधिकृत स्तर सातौं**

बोधार्थ : श्री अध्यक्ष ज्यू, केराबारी गाउँपालिका, मोरङ ।
श्री उपाध्यक्ष ज्यू, केराबारी गाउँपालिका, मोरङ ।



Scanned with CamScanner

## NTV+ बाट प्रसारण हुने श्रव्यदृश्य पाठको समय तालिका

असार पहिलो र दोस्रो हप्ता मिति २०७७/३/१ देखि २०७७/३/१२ सम्म

| समय | १०:००– १०:३५ | १०:३५–११:१० | ११:१५–११:५० | ११:५०–१२:२५ | १२:३०–१:०५ | १:०५–१:४० | १:४५–२:२० | २:२०–३:०० |
|---|---|---|---|---|---|---|---|---|
| मिति | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| २०७७/३/१ | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी |
| २०७७/३/२ | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित |
| २०७७/३/३ | नेपाली | नेपाली | नेपाली | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| २०७७/३/४ | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी |
| २०७७/३/५ | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित |
| २०७७/३/७ | नेपाली | नेपाली | नेपाली | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| २०७७/३/८ | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी |
| २०७७/३/९ | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित |
| २०७७/३/१० | नेपाली | नेपाली | नेपाली | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| २०७७/३/११ | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी |
| २०७७/३/१२ | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित |

## रेडियो नेपालबाट प्रसारण हुने कक्षा ९ र १० का श्रव्य पाठहरुको समय तालिका

असार पहिलो र दोस्रो हप्ता मिति २०७७/३/१ देखि २०७७/३/१२ सम्म

| समय | १०:१५– १०:३० | १०:३०–१०:४५ | १२:१५–१२:३० | १२:३०– १२:४५ | २:१५–२:३० | २:३०–२:४५ |
|---|---|---|---|---|---|---|
| मिति | कक्षा १० | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० | कक्षा ९ |
| २०७७/३/१ | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |
| २०७७/३/२ | अंग्रेजी | नेपाली | सामाजिक | गणित | स्वा. ज. वा | विज्ञान |
| २०७७/३/३ | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |
| २०७७/३/४ | अंग्रेजी | नेपाली | सामाजिक | गणित | स्वा. ज. वा | विज्ञान |
| २०७७/३/५ | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |
| २०७७/३/७ | अंग्रेजी | नेपाली | सामाजिक | गणित | स्वा. ज. वा | विज्ञान |
| २०७७/३/८ | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |
| २०७७/३/९ | अंग्रेजी | नेपाली | सामाजिक | गणित | स्वा. ज. वा | विज्ञान |
| २०७७/३/१० | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |
| २०७७/३/११ | अंग्रेजी | नेपाली | सामाजिक | गणित | स्वा. ज. वा | विज्ञान |
| २०७७/३/१२ | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | स्वा. ज. वा |

Scanned with CamScanner

Dishhome, NET TV र Max TV को विद्यालय शिक्षा च्यालनबाट प्रसारण हुने श्रव्यदृश्य पाठको समय तालिका

असार पहिलो र दोस्रो हप्ता मिति २०७७/३/१ देखि २०७७/३/१२ सम्म

| समय | १०:००-१०:३५ | १०:४०-११:१५ | ११:२०-११:५५ | १२:००-१२:३५ | १२:४०-१:१५ | १:२०-२:०० |
|---|---|---|---|---|---|---|
| मिति | कक्षा १० | | | कक्षा ९ | | |
| २०७७/३/१ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/२ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/३ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/४ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/५ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/७ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/८ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/९ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/१० | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/११ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/१२ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |

Dishhome, NET TV र Max TV को विद्यालय शिक्षा च्यालनबाट प्रसारण हुने श्रव्यदृश्य पाठको

पुनः प्रसारण गरिने समय तालिका

असार पहिलो र दोस्रो हप्ता मिति २०७७/३/१ देखि २०७७/३/१२ सम्म

| समय | विहान ७ वजे | विहान ८ वजे | विहान ९ वजे | वेलुकी ५ वजे | वेलुकी ६ वजे | वेलुकी ७ वजे |
|---|---|---|---|---|---|---|
| मिति | कक्षा ९ | | | कक्षा १० | | |
| २०७७/३/१ | – | – | – | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/२ | नेपाली | सामाजिक | स्वा. ज. वा. | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/३ | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/४ | नेपाली | सामाजिक | स्वा. ज. वा. | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/५ | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/७ | नेपाली | सामाजिक | स्वा. ज. वा. | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/८ | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/९ | नेपाली | सामाजिक | स्वा. ज. वा. | नेपाली | सामाजिक | स्वा. ज. वा. |
| २०७७/३/१० | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/११ | नेपाली | सामाजिक | स्वा. ज. वा. | अंग्रेजी | गणित | विज्ञान |
| २०७७/३/१२ | अंग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | स्वा. ज. वा. |

Scanned with CamScanner